


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २९८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर ५ गते शुक्रबार ❑ 21 Nov. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## उपल्लो मुस्ताङमा कायम निषेध फुकुवा गर्न प्रधानमन्त्रीसँग मुस्ताङका जनप्रतिनिधिको माग

**रासस**
काठमाडौं, ४ मंसिर



मुस्ताङका स्थानीय तहका जनप्रतिनिधिले उपल्लो मुस्ताङको उपल्लो क्षेत्रमा कायम रहेको निषेध फुकुवा गर्न माग गर्नुभएको छ ।

जिल्ला समन्वय समिति, मुस्ताङकी प्रमुख माया गुरुङको नेतृत्वको जनप्रतिनिधिहरुको टोलीले बिहीबार बालुवाटारमा प्रधानमन्त्री सुशीला कार्कीसँग भेटवार्ता गरी विदेशी पर्यटकसँग लिइँदै आएको शुल्क पनि हटाउनुपर्ने माग राखेको हो । उपल्लो मुस्ताङ भ्रमणमा जाँदा विदेशी पर्यटकले ५०० अमेरिकी डलर तिरेर न्यूनतम १० दिनको प्याकेज लिनैपर्ने व्यवस्था हटाएर सरकारले हालै प्रतिदिन ५० डलर कायम गरेकामा पनि टोलीले त्यो संशोधन अपुग भएको भनेको प्रधानमन्त्री सचिवालयले जनाएको छ । मन्त्रिपरिषद्को गत मङ्गलबार बसेको बैठकले अध्यागमन नियमावली संशोधन गरी विदेशी पर्यटकले निषेधित क्षेत्र भ्रमण गर्दा दैनिक ५० डलर तिर्नुपर्ने व्यवस्था गरेको थियो । स्थानीय जनप्रतिनिधिले यस्तो शुल्क लिने व्यवस्था नै खारेज हुनुपर्ने माग राख्नुभएको छ । "उपल्लो मुस्ताङका तीन वटा गाउँपालिकाको क्षेत्र निषेधित क्षेत्रमा घोषणा गरिएको र विदेशी पर्यटकलाई महँगो शुल्क लिने नीतिले पर्यटकलाई निरुत्साहित गरिरहेको अवस्था छ", टोलीले बुझाएको ज्ञापनपत्रमा भनिएको छ । प्रतिनिधिमण्डलमा जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङ, थासाङ गाउँपालिकाका अध्यक्ष प्रदीप थकाली, लो घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचन बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजिन नाम्गेल गुरूङ, लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्बु गुरूङ र लोमन्थाङ गाउँपालिकाका उपाध्यक्ष छ्युमी विष्ट गुरुङ हुनुहुन्थ्यो ।

## जिएमसीमा १७ बर्षीया रुपा बि.क.को उपचारकै क्रममा मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर



पोखराको गण्डकी मेडिकल कलेज (जिएमसी) मा उपचारकै क्रममा १७ बर्षीया रुपा बि.क.को बुधबार मृत्यु भए पछि पिडितका आफन्तले विहिबार दिनभर अस्पताल परिसरमा धर्ना र जुलुस प्रर्दशन गरेका छन् ।

तनहुँ व्यास नगरपालिका १३ की बि.क.लाई पेट दुखेर यही मंसिर १ गते जिएमसीमा ल्याए पनि उपचारकै क्रममा अस्पतालको लापरबाहीको कारण उनको बुधबार दिउँसो करिब २:०० बजे मृत्यु भएको उनका श्रीमान कुशुम बि.क.ले बताए ।

उक्त घटनाको दोषी उपर कारवाहीको माग सहित घटनाको बारेमा सत्य तथ्य सार्वजनिक गर्न माग गर्दै पिडितका आफन्तले विहिबार दिनभर जसो अस्पतालको इमर्जेन्जिको मुल गेट अगाडी धर्ना दिदै नारा जुलुस प्रर्दशन गरेका थिए । कार्तिक २४ गते देखि आफ्नी श्रीमतीको ज्वरो आएकोले मेडिकलको औषधि सेवन गर्दै दमौली अस्पतालमा समेत पुग्दा ज्वरो आउन नरोकिए पछि थप उपचारको लागि पोखराको जिएमसीमा बि.क.को उपचार गर्न ल्याईएको उनका आफन्तले बताए । अस्पतालले बि.क.को एपेन्डिक्स भएको आशंकामा अप्रेशन गर्नको लागि आईसियू वार्डमा लैजादै गर्दा अस्पतालको ढोकामा अक्सिजन ग्याँस जडान गरेको माक्स सहितको पाइप फुत्केको र त्यसको जडान गर्न ढिलाई भएका कारण मृत्यु भएको आफन्तको भनाई छ । आईसियू वार्डमा लगेको करिब २० मिनेटमा बि.क.को मृत्यु भएको उनका आफन्तले जनाए । बि.क.का श्रीमान सहितका पिडितका आफन्तले बिरामीको उपचार गर्दाको रिसोर्ट सहित कुन कुन औषधि प्रयोग गरिएको त्यसको विवरण समेत माग गरेका छन् । आफुहरुको माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने भन्दै पिडितका आफन्तले शव समेत बुझेका छैनन् । आन्दोलनको क्रममा रुपा बि.क.को फोटो गेटमा टाँस्न खोज्दा केही समय प्रहरी र पिडित बिच धकलाधकेल भएको थियो । अस्पताल परिसरमा नारा जुलुस प्रर्दशन पछि प्रहरी सहित सशस्त्र प्रहरीको टोली समेत खटाइएको थियो । अस्पतालमा केही समय अघि पनि केही व्यक्तिहरुको उपचारकै क्रममा मृत्यु भए पछि पिडितका आफन्तहरुले अस्पतालमा आन्दोलन गर्दै आएका थिए । यता यस घटनालाई अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. टु माया घलेले आफुहरुले पैसा अभाव हुँदा हुदै बिरामीलाई सकेसम्म उपचार गर्दा गर्दै मृत्यु भएको बताइन् । के कारणले गर्दा मृत्यु भयो भन्ने प्रश्नमा उनले कारणको लागि पोष्टमाटम पछि आएको रिपोर्टका आधारमा मात्र भन्न सकिने उनले जनाइन् । उनले भनिन" हामीले सबैलाई राम्रो उपचार गरेर समयमै घर पठाउन चहान्छौं, हाम्रो अस्पतालमा सक्ने नसक्ने सबै आउने हुँदा पहिलो प्रथामिकता हामीले उपचारमा दिन्छौं तर कहिले काँहि भने उपचारकै क्रममा केहीको मृत्यु हुन्छ, कसैको मृत्यु हुदैमा हाम्रो दोष भन्न मिल्दैन, यसको लागि हामीले छानविन समिति बनाऔं भनेकै छौं । " अक्सिजन कम भएका बिरामीलाई केहीलाई माक्स त केहीलाई पाइपबाट समेत अक्सिजन दिने हुदा पिडितका आफन्तले भने जस्तो माक्स नलगाए पनि पाइपबाट अक्सिजन दिएको अबस्थामा बिरामीको उपचार भएको उनको भनाई छ ।

## शारीरिकसँगै मानसिक स्वास्थ्यका लागि खेलकुद अपरिहार्य: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले हरेक व्यक्तिको शारीरिकसँगै मानसिक स्वास्थ्यका लागि पनि खेलकुद अपरिहार्य रहेको बताउनुभएको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाले आयोजना गरेको छैटौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थीलाई हौसला दिन प्रमुख अतिथिका रुपमा पुग्नुभएका प्रदेश प्रमुख भट्टले यस्तो बताउनुभएको हो । खेलकुदको सकारात्मक प्रभावले युवाहरूको शरीर र दिमाग दुवैको विकासमा योगदान पुऱ्याउने भएकाले यसको विकास र सम्वर्द्धन जरुरी रहेको उहाँले बताउनुभयो । गाउँस्तरीय खेलकुदमार्फत् खेलाडीहरु छनौट गर्दै जिल्ला प्रदेश हुँदै केन्द्रमा अन्तिम प्रतिष्पर्धा हुने प्रक्रिया रहेको राष्ट्रपति रनिङ शिल्ड खेलकुदको स्वरुप सुन्दर रहेको उहाँको भनाई छ । 'गाउँ तहबाटै विद्यार्थीहरूले सहभागिता जनाउन पाउने भएकाले हजारौं विद्यार्थीहरू खेलकुदमा सहभागी हुने अवसर मिलेको छ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'यस प्रतियोगिताका कारण दूरदराज गाउँहरूबाट खेलाडीहरू उत्पादन गर्न सहयोग पुग्दै आएको छ । स्थानीय खेलकुदको प्रवर्द्धन पनि यसको अर्को सकारात्मक पक्ष हो ।' यो प्रतियोगिताले युवा विद्यार्थीहरूमा जोश, जाँगर र आत्मबल थप्दै विद्यार्थी, गाउँबासी र जनप्रतिनिधिबीचको सम्बन्ध प्रगाढ बनाउन पनि भूमिका खेलेको उहाँले बताउनुभयो । प्रदेश प्रमुख भट्टले खेलकुदमा युवा सहभागिताले किशोरकिशोरीलाई स्वास्थ्य सम्बन्धी जीवनशैलीमा संलग्न रहन र उनीहरूको शारीरिक स्वास्थ्यलाई सकारात्मक प्रभाव पार्ने उहाँले उल्लेख गर्नुभयो । 'सानै उमेरमा खेलकौशल हासिल गर्नाले व्यक्ति परिपक्व हुन्छ । अनि भविष्यमा सान्दर्भिक गतिविधिहरूमा संलग्न हुने सम्भावना बढ्छ ।' उहाँले भन्नुभयो - 'युवाले खेललाई जीवनको माध्यम बनाउँछन्, यसले आत्मसम्मान बढाउँछ । सामाजिक सीपहरू विकास गर्न सक्छ र उपयुक्त नेतृत्व क्षमताको पनि विकास गराउँछ ।'

शुभारम्भ कार्यक्रममा गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, उपाध्यक्ष चन्द्रकला अधिकारी, प्रवक्ता भरतमान गुरुङ, प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवि बराल लगायतले बोलेका थिए ।


## १४ औँ युरोपेली चलचित्र महोत्सव यही मंसिर ६ र ७ गते पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर




पर्यटनको राजधानि पोखरामा यही मंसिर ६ गते देखि १४ औं संस्करणको युरोपेली संघ चलचित्र महोत्सव पोखरामा हुने भएको छ ।

युरोपेली चलचित्रकर्मी तथा उदीयमान नेपाली स्वरहरूलाई एकैसाथ ल्याउँदै यही मंसिर ६ र ७ गते क्युएफएक्स ट्रेड मलमा उक्त महोत्सव हुने भएको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो । यस संस्करणमा २५ चलचित्र प्रर्दशन गरिने भएको छ । १० युरोपेली चलचित्र, बेलायतको बाफ्टा पुरस्कारका लागि मनोनित ६ लघुचलचित्र तथा ९ नेपाली लघुचलचित्र सामेल गरिने भएको युरोपेली संघको नेपाल प्रतिनिधिमण्डल ईईएएसका प्रेस तथा सूचना अधिकारी विद्या महर्जनले बताउनु भयो । यी कृतिले पहिचान, अपनत्व, प्रतिरोध तथा रूपान्तरण आदि विषयलाई केलाएका छन भने यस संस्करणमा सामेल चलचित्रले हिम्मत, स्मृति तथा आशाका साझा सिनेमा-भाषालाई प्रतिबिम्बित गर्ने उहाँले जनाउनु भयो । महोत्सवमा पोर्चुगलको 'बाञ्जो', फिनल्याण्डको 'जे'भिदा', अस्ट्रियाको 'ह्याप्पी', हंगेरीको 'विथआउट एअर', फ्रान्स तथा इटालीको 'द गर्ल फ्रम टुमरो', नेदरल्यान्ड्सको ' जिप्पी नो मोर', आयरल्याण्ड-संयुक्त अधिराज्यको 'लोला', लिथुएनियाको 'रिमेम्बर टु ब्लिंक', पोल्याण्ड-स्विटजरल्याण्डको 'द लास्ट एक्सपिडिशन' र रोमेनियाको 'थ्री किलोमिटर्स टु द एण्ड अफ द वर्ल्ड' प्रदर्शन हुने भएका छन् । स्थानीय चलचित्रकर्मी तथा चलचित्र अध्यापन संस्थाहरूसँग सहकार्यमा छनोट गरिएका ९ नेपाली लघुचलचित्र 'चिसोघर', 'अबिस', 'अर्केस्टा', 'चाँदनी', 'इटर्नल किनशिप', 'ग्राण्डमाज् म्याजिक कोम्ब', 'साइलेन्ट स्कार्स', 'द काठमाडौँ' र 'ह्वाट ग्रोज इन थारी माइलाज भेजिटेबल गार्डेन' प्रदर्शन गरिने भएको छ । बेलायतको बाफ्टा मनोनयन प्राप्त लघुचलचित्रमा ' आडिओस', 'मिल्क', 'मग्स क्रिसमस', 'रक पेपर सिजर्स', 'स्टमक बग' र ' वान्डर टु वोन्डर' प्रदर्शित हुनेछन् । महोत्सव अघिको अवधिमा कला, उद्योग र सिकाइ बीचको सम्बन्धलाई मजबुत बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन हुने भएको छ । यही क्रममा शनिबार ६ दिउँसो २ बजे पोखरामा 'चलचित्र उद्योगले अब के गर्ने त' शीर्षकमा विशेष छलफल कार्यक्रम आयोजना गर्ने भएको छ । ब्रिटिश काउन्सिलको सहकार्यमा हुने यस छलफलमा गौ माया गुरुङ, जस्सु गुरुङ र प्रविण टक्की कार्की वक्ता रहनु हुने भएको छ भने कार्यक्रम प्रस्तोता सुनिर पाण्डे रहनु हुने भएको हो । वक्ताहरूले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय चलचित्र क्षेत्रमा प्राप्त अनुभवहरू साझा गर्दै पोखरालाई काठमाडौँबाहिरको सक्षम, दिगो र सम्भावनायुक्त चलचित्र केन्द्रका रूपमा कसरी उकास्न सकिन्छ भन्ने विषयमा विचार प्रस्तुत गर्नुहुने भएको छ ।



# एभरेस्ट एफएमको रक्तदान शनिबार, प्रतिभा र ग्यालेक्सी माविमा सचेतना

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

पोखराबाट प्रशारण हुने एभरेस्ट एफएम ९३ मेगाहर्जको आयोजनामा आउँदो शनिबार बृहद रक्तदान कार्यक्रम आयोजना हुँदैछ। एभरेस्ट मिडिया हाउस प्रालिद्वारा सञ्चालित एभरेस्ट एफएम र एभरेस्ट आवाज डटकमको संयुक्त आयोजनामा रेडियो प्राङ्गण पोखरा-५ प्रस्याङमा हुने रक्तदान कार्यक्रम यहि मंसिर ६ गते शनिबार विहान ७ बजेदेखि १२ बजेसम्म हुनेछ।

रेडियोले 'म त रक्तदान गर्दैछु, तपाईं नि ? भन्ने नारासहित रक्तदान कार्यक्रमको क्याम्पेनिङ गरिरहेको छ। रेडियोले एफएमबाट सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ भने स्कुल तथा कलेजमा पनि सचेतना अभियान सञ्चालन गरेको हो। जस अन्तर्गत पोखराको शैक्षिक शान भनेर चिनिने पोखरा-३ नदीपुरमा रहेको प्रतिभा मावि र ग्यालेक्सी मावि मा कक्षा १२ मा अध्ययनरत विद्यार्थीलाई



रक्तदानको महत्व र फाईदाका बारेमा सचेतना कार्यक्रम गरिएको हो। १७ बर्ष उमेर पुगेका, ६५ बर्ष ननाघेका, ४५ केजी तौल भएका, अघिल्लो पटक रक्तदान गरेका ३ महिना अर्थात ९० दिन पूरा भएका, पिरियड र महिलाको हकमा मासिक रक्तश्राव भएको छैटौं दिन पुगेका, मेजर अपरेसन नगरेका, क्यान्सर, किड्नी ट्रान्स्प्लान्ट नगरेका, ब्लड प्रेसर नर्मल (औषधि खाइरहेको भए पनि बि पि ठिक छ भने दिन मिल्ने भएकाले ढुक्कले रक्तदान गर्न सकिनेबारे एभरेस्ट मिडिया हाउसका प्रमुख/सम्पादक दीपेन्द्र श्रेष्ठले जानकारी गराएका थिए। उनले भने,' शरिरमा रक्तकोशिका फेरिने प्रक्रिया भइरहन्छ, अर्थात शरिरका पुराना रक्तकोशिका मर्ने र नया जन्मिने प्रक्रिया निरन्तर हुन्छ।

त्यसैले खेर जाने उक्त रगत दान गरेर एक जना बराबर ३ जनासम्मको ज्यान जोगाउन सकिने भएकाले रक्तदान गर्नुपर्छ।' उनले रक्तदान गर्नु भनेको आफू स्वस्थ रहेको प्रमाणित गर्नु पनि रहेको र रक्तदान गर्दा आत्मसन्तुष्टि पनि प्राप्त हुने बताए। हरेक वर्ष आफ्नो वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गर्दै आएको रक्तदान कार्यक्रम अन्तर्गत 'नियमित रक्तदान गरौं, जीवन बचाउने अभियानमा सहभागी बनौं' भन्ने मूल नाराका साथ यस पटक पनि हुनेछ। रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्र पोखराको प्राविधिक सहयोग रहनेछ। एभरेस्ट मिडिया हाउसले एभरेस्ट एफएम ९३ मेगाहर्ज र एभरेस्ट आवाज डटकम सञ्चालन गर्दै आएको छ। रक्तदान कार्यक्रमको सहयोगी सस्थांहरु हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.न्यूरोड, पोखरा सन्तान आई.भि.एफ क्लिनिक महेन्द्रपुल, पोखरा, सिटिजन फर्निचर न्यूरोड,पोखरा, आस्था किड्नी एण्ड स्पेशलाईज्ड हस्पिटल प्रा.लि.रानीपौवा,पोखरा, तारा सुमन सप्लायर्स पोखरा ५,प्रस्याङ, एस एण्ड बि ट्रेडर्स,न्यूरोड,पोखरा, इम्पावर हेल्थ केयर सिमलचौर,पोखरा, नेलम्बो नेपाल गैह्रापाटन,पोखरा, पुन ग्रुप अफ पोल्ट्री इण्डष्ट्रिज प्रा.लि.पोखरा-५,प्रस्याङ पिउरो म्चष्लपष्लन धबतभच पोखरा , पञ्चरत्न आभूषण प्रा.लि.तेर्सापट्टि,पोखरा रहेको मार्केटिङ डाइरेक्टर भोलाकुमार श्रेष्ठले बताए।



मध्यपहाडी लोकमार्ग स्तरोन्नति : राष्ट्रिय गौरवको निर्माणाधीन मध्यपहाडी लोकमार्ग अन्तर्गत पोखराको हरिचोकदेखी-याम्दी खण्डमा कालोपत्र गरिँदै। यस खण्डमा सडक स्तरोन्नतिको काम अन्तिम चरणमा पुगेको छ। तस्बिर : कृष्ण दवाडी/रासस

# श्रीकृष्ण प्रणामीमा पुन: निर्मित मन्दिरको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

पोखरा ८ रत्नचोकमा श्रीकृष्ण प्रणामी सेवा समितिद्धारा सञ्चालित श्रीकृष्ण प्रणामी मन्दिरको पुनः निर्मित एवं सौन्दर्यकृत मन्दिरको उद्घाटन गरिएको छ।

श्रीकृष्ण धर्माचार्य अनन्तश्री विभूषित जगदगुरु आचार्य श्री कृष्णमणि महाराजले एक कार्यक्रमका बीच उक्त मन्दिरको उद्घाटन गरेका हुन। सो अवसरमा वोल्दै कृष्णमणि महाराजले श्रीकृष्ण प्रणामी समुदायको साथ र सहयोगबाट पर्यटकीय शहर पोखरामा श्रीकृष्ण प्रणामी मन्दिर निर्माणमा साथ र सहयोग प्रदान गर्नेलाई धन्यवाद ब्यक्त गरे।

धार्मिक शास्त्रहरु धैरै भएतापनि त्यसको सार एउटै भएको बताउदै विभिन्न देवी देवताका स्वरुप भएतापनि परमात्मा एउटै भएको उनको भनाइ रहेको थियो। ज्ञान सहज रुपमा प्राप्त गरेतापनि त्यसको सुरुवात नवतनपुरी धामबाट भएका त्यहाँ पुननिर्माण हुन लागेको धामका लागि सहयोग आवश्यक रहेकाले त्यसमा सहभागी हुन पोखरेलीलाई अनुरोध समेत गरे। सो अवसरमा वोल्दै पोखरा महानगरपालिका वडा नं ८ का अध्यक्ष रुद्रनाथ बरालले श्रीकृष्ण प्रणामी मन्दिरको प्रवर्द्धन संगै मन्दिरको पुन निर्माणमा वडाले साथ र सहयोग गर्दै आइरहेको बताउदै आगामी दिनमा पनि मन्दिरमा



आवश्यक पर्ने सहयोग वडाबाट प्रदान गर्ने बताए। त्यस्तै पोखरा महानगरपालिका वडा नं ७ का अध्यक्ष राम मोहन आचार्यले श्रीकृष्ण प्रणामी मन्दिरलाई धार्मिक पर्यटकीय स्थल बनाउनका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे।

सो अवसरमा वोल्दै श्री कृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रिय अध्यक्ष श्याम कृष्ण शर्माले नेपालको पहिलो धार्मिक संस्थाको रुपमा रहेको श्रीकृष्ण प्रणामी सेवा समिति रहेको र यसको नेपालमा २ सय ५८ वटा इकाई रहेको र त्यसमध्येको एक इकाई श्रीकृष्ण प्रणामी सेवा समिति पोखरा रहेको र यहाँ रहेको मन्दिरलाई पुन निर्माण गरेकोमा सम्पूर्ण सहयोगीहरुलाई धन्यवाद ब्यक्त गरे। त्यस्तै १०८ पुरुषोत्तम महाराले पोखरामा रहेको श्रीकृष्ण प्रणामी मन्दिरको पुन निर्माणमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ब्यक्त गर्दै श्रीकृष्ण प्रणामी धर्म निजानन्द समुदायको उद्गम स्थल श्री ५ नवतनपुरी धामको पुन निर्माणको काम चल्दै गरेकाले पोखरामा रहेको श्रीकृष्ण प्रणामी मन्दिरलाई जसरीनै सम्पूर्णले साथ र सहयोग आवश्यक रहेको बताउदै त्यसका लागि श्रीकृष्ण प्रणामी सेवा समिति पोखराका अध्यक्ष मोहन ढकाल संग सहकार्य गर्न सम्पूर्णलाई आग्रह गरे। सो अवसरमा वोल्दै श्रीकृष्ण प्रणामी सेवा समिति पोखराका निवर्तमान अध्यक्ष तथा केन्द्रिय सदस्य पुरुषोत्तम रेग्मीले पोखरामा श्रीकृष्ण प्रणामी मन्दिर निर्माण भइ फेरीपनि आवश्यक्ता अनुसार मन्दिरलाई सौन्दर्यकरण तथा पुन निर्माण गरि सम्पन्न गर्न पाउदा खुसी लागेको बताउदै मन्दिर निर्माणमा साथ र सहयोग प्रदान गर्ने सम्पूर्णलाई धन्यवाद ब्यक्त गरे। सो अवसरमा वोल्दै श्रीकृष्ण प्रणामी सेवा समिति पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले श्रीकृष्ण प्रणामी मन्दिरको पुन निर्माण सम्पन्न संगै श्रीकृष्ण प्रणामी धर्म निजानन्द समुदायको उद्गम स्थल श्री ५ नवतनपुरी धामको पुन निर्माणका लागि आफ्नो तर्फबाट २ लाख सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे। साथै श्रीकृष्ण प्रणामी सेवा समिति पोखराको तर्फबाट समेत धाम पुन निर्माणमा सहयोग गर्ने उनको भनाइ थियो। सो अवसरमा श्रीकृष्ण प्रणामी धर्म संरक्षक परिषद, सचिवालय संयोजक रागवराज रेग्मी, श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रिय उपाध्यक्ष बद्री प्रसाद ओली, श्रीकृष्ण प्रणामी धर्म प्रवर्धन, प्रचारप्रसार तथा प्रचारक व्यवस्थापन विभाग सदस्य श्यामदाश महाराज, श्रीकृष्ण प्रणामी मन्दिर रत्नचोकका पुजारी श्री महाराज लिलाम्बर सापकोटा, श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका जमुना सुवेदी, श्रीकृष्ण प्रणामी सेवा समिति जिल्ला कार्य समितिका अध्यक्ष कृष्ण प्रसाद ढुंगाना, समितिका सल्लाहकार घनश्याम बानिया, बलराम सुवेदी, पोखरा विश्वविद्यालयका निवर्तमान डीन डा. दयाराज ढकाल, विष्णु पहारी, समाजसेवी रामजी प्रसाद बास्तोला, श्रीकृष्ण प्रणामी युवा परिषद, जिल्ला समिति कास्कीका अध्यक्ष तोयनाथ सापकोटा, श्रीकृष्ण प्रणामी वायुजुराज महिला समिति अध्यक्ष विष्णु पराजुली, इन्द्रपुरी टोल बिकास संस्थाका अध्यक्ष भुपेन्द्र गिरी, एसके डान्स सेन्टरका सञ्चालक राम लामा, संगीतकारद्धय बालकृष्ण आचार्य र सुजन बन्जरा लगायतको उपस्थिती रहेको थियोभने कार्यक्रमको सञ्चालन सचिव लक्ष्मण बरालले गरेका थिए।

# महाप्रभुधाममा शतबीज छर्नेदेखि भजन प्रतियोगितासम्म

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

बालाचतुर्दशीको अवसर पारेर श्री महाप्रभुधाम पर्यटकीय क्षेत्र विकास समितिद्वारा रुद्राभिषेक, राष्ट्रिय खुल्ला भजन प्रतियोगिता तथा महाआरती कार्यक्रम हालै सम्पन्न भयो।

महाप्रभुधाममा बुधवार विहानैदेखी भक्तजनहरूको बाक्लो उपस्थिति रहेको समितिका अध्यक्ष नवराज बरालले पोखारपत्रलाइ वताए। बरालका अनुसार पोखरा र आसपासका क्षेत्रबाट ठूलो संख्यामा भक्तजनहरू शतबीज छर्न आएका जानकारी दिए। दुई शताब्दीभन्दा अघिदेखि धार्मिक आस्था र विश्वासको केन्द्र बन्दैगएको महाप्रभुधाममा प्रत्येक वर्ष बालाचतुर्दशीका दिनमा शतबीज छर्ने परम्परा अनुसार यस बर्ष पनि शतबीज छरिएको अध्यक्ष वरालले भने। प्रभुधाम रतनपाण्डे पर्यटकीय क्षेत्र विकास समितिले आयोजना गरेको राष्ट्रिय खुल्ला भजन चुड्का प्रतियोगितामा माछापुच्छे सेवा समाज हेमजा प्रथम, धर्मस्थली भजन समूह मालेपाटन द्वितीय, विश्व हिन्दु महासंघ चाउथे तृतीय र ज्येष्ठ नागरिक समूह छिनेडाँडा सान्त्वना भएका छन्। त्यस्तै उत्कृष्ट नृत्यमा महाप्रभुधाम रतनपाण्डे समूहका मनिका भुजेललाई पुरस्कार वितरण गरिएको आर्वा निवासी




समाजसेवी शुसिला वरालले पोखरपत्रलाई वताइन्। कुल आठवटा समूह सहभागी भएको प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नेलाई क्रमशः ५० हजार, ३० हजार, १५ हजार र पाँच हजार रुपैयाँ नगद सहित प्रमाणपत्र प्रदान गरियो। उत्कृष्ट नृत्य गर्नेलाई तीन हजार र सहभागी सबै लाई प्रोत्साहन स्वरुप दुई/दुई हजार रुपैयाँ प्रदान गरिएको समितिका सचिव भोजराज बरालले वताए। महाप्रभुधामलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्यका साथ यहाँको बिस्तृत आयोजना प्रतिवेदन(डिपिआर) तयार गरिसकिएको पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण बरालले बताए। विस्तृत आयोजना प्रतिवेदन अनुसार यहाँको समग्र विकासका लागि करिब १२ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। पोखरा उपत्यकाको दृश्यावलोकनसहित अन्नपूर्णदेखि लमजुङ हिमालसम्मका रमणीय दृश्य एकसाथ नियाल्न पाउनुका साथै ऐतिहासिक एवं धार्मिकस्थल पनि प्रत्यक्ष अवलोकन गर्न सकिने भएकाले यहाँको महत्व अझै बढेको समितिका उपाध्यक्ष सूर्यप्रसाद बरालले पोखरापत्रलाई वताए। समितिका पुर्व अध्यक्ष धर्मराज बरालका अनुसार समुन्द्री सतहबाट एक हजार ३३५ मिटर उचाइमा रहेको यो स्थानमा प्राचीन कालमा स्वर्गद्वारीबाट आएका महाप्रभुहरूले कोटिहोम सहित महायज्ञ सम्पन्न गरेपछि उक्त स्थानलाई महाप्रभुधामका रुपमा लिने गरिएको छ। कार्यक्रममा सयौ भक्तजनहरु स्वतस्फुर्त भइ टाडा टाडावाट पुजा गर्न आएका संस्थाका पूर्व सल्लाहकार तथा पत्रकार शिरोमणी वरालले पोखरापत्रलाई वताए।

# स्थानीयको सहयोगमा वडा कार्यालय पुन:सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

जेनजी आन्दोलनका क्रममा क्षतिग्रस्त पोखरा महानगरपालिका-१७ को वडा कार्यालय स्थानीयको सहयोगमा सञ्चालनमा आएको छ।

जनप्रतिनिधिले सहयोगका लागि आह्वान गरेपछि वडाका विभिन्न सङ्घसंस्था र व्यक्तिबाट कार्यालय सञ्चालनका लागि अत्यावश्यक सामग्री उपलब्ध गराइएको थियो। वडाध्यक्ष राधिका शाहीका अनुसार कार्यालय सञ्चालनका लागि कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, सिसी क्यामेरा, खानेपानी एवं आवश्यक फर्निचर स्थानीयले प्रदान गरेका छन्। पोखरा-१७ आँखा अस्पताल चोक निवासी गोमादेवी श्रेष्ठले खानेपानीको डिस्पेन्सर, जार र गिलास बोकेर वडा कार्यालयमा आउनुभएको जानकारी दिँदै वडाध्यक्ष शाहीले त्यसपछि ४६ सङ्घसंस्था र व्यक्तिबाट सहयोग प्राप्त भएको बताउनुभयो। "बिरौटामा रहेको वडा कार्यालय जीर्ण र साँघुरो भएपछि सेवा प्रवाहमा समस्या थियो ड्यामसाइडको पाँच रोपनीमा रु चार करोड ५८ लाख २६ हजारमा निर्माण गरिएको भवनबाट भदौ १५ गतेदेखि सेवा सञ्चालन भएको थियो २४ गतेको आन्दोलनमा खरानी भयो", राज्यको सम्पत्ति नोक्सान भएकामा दुःख व्यक्त गर्दै उहाँले भन्नुभयो। जेनजी आन्दोलनमा पोखरामहानगरपालिकाकार्यालयसहित २६ वडा कार्यालयमा आगजनी भएको थियो।






# मुग्लिन-पोखरा पश्चिम खण्डमा दैनिक छ सयलाई रोजगारी

**पोखरापत्र संवाददाता**
दमौली, ४ मंसिर

मुग्लिन-पोखरा सडक आयोजना (पश्चिम खण्ड) मा सडक स्तरोन्नति भइरहेकाले दैनिक छ सय जनाले रोजगारी पाएका छन्।

तनहुँको जामुनेबाट पोखराको सेती पुलसम्मको पश्चिम खण्डमा सडक तथा पुल निर्माण, कलोपत्रलगायत कामका लागि दैनिक छ सय जना मजदुर खटिएका हुन्। आयोजना प्रमुख कृष्णबहादुर कुँवरका अनुसार उक्त खण्डमा दैनिक छ सयका दरले मासिक १८ हजार मजदुरले रोजगारी पाएका छन्। उहाँले यस खण्डमा २० जनाले परामर्शदाताका रूपमा काम गरिरहेका जानकारी दिनुभयो।

पश्चिम खण्डमा हालसम्म ५९ दशमलव ७६ प्रतिशत भौतिक र ४७ दशमलव ८० प्रतिशत वित्तीय प्रगति भएको कुँवरले उल्लेख गर्नुभयो। उहाँका अनुसार ३८ दशमलव ८८ किलोमिटर दूरीको उक्त खण्डमा हालसम्म ३७ दशमलव चार किमीमा एक्तर्फी रूपमा पहिलो तहको कालोपत्र सकिएको छ। त्यसमध्ये २९ दशमलव ६१ किमी खण्डमा चार लेन र सात दशमलव ७९ किमीमा दुई लेन कालोपत्र सम्पन्न भएको छ। उक्त खण्डमा १२ मध्ये ११ पुल निर्माण सम्पन्न भइसकेका जनाउँदै आयोजना प्रमुख कुँवरले सेती नदीमा पुल निर्माणाधीन अवस्थामा रहेको बताउनुभयो। उक्त पुलमा ४७ दशमलव ५२ प्रतिशत भौतिक र ४७ दशमलव नौ प्रतिशत वित्तीय प्रगति भएको उहाँको भनाइ छ। उहाँले हालसबै सबै चार वटा पाइलक्याप, एक सय २० वटा पाइल निर्माण सम्पन्न भएका जानकारी दिनुभयो।

पश्चिम खण्डमा गत आर्थिक वर्षमा २५ किलोमिटर चार लेन सडक स्तरोन्नति गर्ने लक्ष्य राखिएकामा २३ दशमलव शून्य छ किमी कालोपत्र सम्पन्न भएको छ। यहाँ ११ पुल निर्माण गर्ने लक्ष्य राखिएकामा लक्ष्यबमोजिम सम्पन्न भइसकेका छन्।

कुँवरका अनुसार ६६ कल्भर्ट निर्माण गर्ने लक्ष्य राखिएकामा एउटा बाँकी छ भने ५१ दशमलव पाँच किमी नाला निर्माण गर्ने लक्ष्य राखिएकामा ४५ दशमलव दुई किमी सम्पन्न भएको छ। विसं २०७८ जेठ ३ गते सम्झौता भएको यो खण्डको काम गर्ने म्याद आगामी पुस १६ गतेसम्म रहेको छ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# जेनजीले परिपक्वता देखाऊ

जेनजी आन्दोलनको रापतापमा बनेको सुशीला कार्की नेतृत्वको सरकार विरुद्ध जेनजी समूह देखिएका छन। आफैंले बनाएको जेनजीको सरकारलाई दुई महिनामा संविधान बाहिरको माग राख्नु अपरिपक्वता हो।विभिन्न नामका २३ वटा जेनजी समूहहरुले राष्ट्रपति रामचन्द्र पौडेललाई ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा प्रत्यक्ष जननिर्वाचित प्रधानमन्त्रीका लागि संविधान संसोधन गर्नुपर्ने लगायत ५ बुंदे माग छन् । जेनजी विद्रोहको जगमा बनेको सरकारले केवल एक थान चुनाव मात्रै गराउने कुरा स्वीकार्य नहुने ज्ञापनपत्रमा उल्लेख छ । सरकार दिशाहिन अवस्थामा रहेको उनीहरुले आरोप लगाएका छन् ।

'यो विद्रोह र शहादत केवल अर्ली इलेक्सनका लागि मात्रै भएको थिएन । विद्रोहमा संलग्न जेनजीका २३ एलाइन्स, घाइते र शहिद परिवारका माग यो सरकारले तत्काल सम्वोधन गर्नुपर्छ,' ज्ञापनपत्रमा भनिएको छ । यदि यो सरकारले विद्रोही पक्षका माग पूरा गर्न नसकेमा सरकारलाई फिर्ता बोलाई आफूहरुको नेतृत्वमा नयाँ सरकार गठनका लागि मध्यस्थता गरिदिन राष्ट्रपनिलाई आग्रह गरिएको छ । अन्यथा यस सरकारको विरुद्ध अर्को शान्तिपूर्ण आन्दोलन तथा दवाव कार्यक्रम गर्ने चेतावनी पनि दिइएको छ । सरकारले निर्वाचन गरेर जनताका प्रतिनिधिलाई सत्ता सुम्पने बताउँदै आएको छाशुरुमा दल दर्ता गरेर निर्वाचनमा जानुपर्ने बेला दिनहुँजसो माग पेश गर्दै जानू अल्मल्याउने काम हो ।

ज्ञापनपत्र बुझाउनेमा जेनजी नेसनल फ्रन्ट लाइनर, जेनजीसी स्पार्क, एन टेक जेनजी, ऋणइी एसोसिएसन नेपाल, जेनजी वाइ युनाइटेड, रियल जेनजी लगायत छन् । ज्ञापनपत्रमा मुलुकमा भएका ठूला भ्रष्टाचारका प्रकरणमा संलग्नलाई कारवाही, जेनजी आन्दोलनमा नरसंहार गर्नेलाई कारवाही, जेन्जी घाइतेहरुको उपचार र जेनजीका सहिद परिवारको उचित क्षतिपूर्ति र भरणपोषणको पनि माग गरिएको छ । प्रधानमन्त्री कार्कीले जेनजीका कति धेरै समूह छन। दिनहुँजसो माग लिएर आउने र उनीहरूलाई संविधान र कानुनी शासनको बारेमा संझाउनु परेको दिक्कदारी पोख्दै आएको विर्सन मिल्दैन ।

शिक्षामन्त्री महावीर पुनले पनि जेनजीलाई माग पूरा गराउन माग पत्र लिएर आउनु भन्दा गाउँ जाने । चुनावको प्रचार गर्ने।चुनाव जित्ने सरकार बनाउने र आफ्ना माग पूरा गर्न सुझाएका थिए ।जेनजीले बनाएको सरकार हो। प्रधानमन्त्री, मन्त्री सबै जेनजीले बनाएको भन्ने अनि सधैं मागपत्र तेर्स्याउने काम हातखुट्टा बाँधेर दौडिन आग्रह गरेजस्तै हो।निर्वाचन गराउने सरकारलाई सबै माग पूरा गर नत्र फिर्ता आउ भन्नू उचित होइन । संविधान, कानुन र धरातलीय यथार्थता नबुझी माग राख्नु अपरिपक्वता हो । देशलाई ठीक बाटोमा हिडाउन विधिको शासन हुनुपर्छ ।जेनजीको माग भनेकै सुशासन, भ्रष्टाचारको नियन्त्रण, कानुनी शासन हो।आफ्ना मुख्य माग पूरा गर्नु भनेको निर्वाचन हो । निर्वाचन हुन्छ भन्ने वाबनाउ र देशमा शान्तिसुरक्षाको स्थिति बनाउन सघाउनु पनि जेनजीको भुमिका आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# स्याङ्जामा संघको २८ र प्रदेशतर्फ ७ प्रतिशत खर्च

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ मंसिर

आर्थिक वर्ष २०८२/०८३ को पहिलो चौमासिक (साउन-कात्तिक) अवधिमा समग्रमा स्याङ्जामा संघीय सरकारको बजेटतर्फ झण्डै २८ प्रतिशत खर्च भएको छ भने प्रदेश सरकारतर्फको बजेटमा ७ प्रतिशत भन्दा बढि रकम खर्च भएको छ ।

संघतर्फ विनियोजित कुल बजेट ७ अर्ब ४९ करोड ९७ लाख ३४ हजार ५७५ रुपैयाँमध्ये करिब २७ दशमलव ८४ प्रतिशतले हुने दुई अर्ब ८ करोड ७७ लाख ६ हजार ९०७ रुपैयाँ खर्च भएको छ भने प्रदेशतर्फको कुल दुई अर्ब ५३ करोड १० लाख ६६ हजार बजेटको झण्डै ७ दशमलव १० प्रतिशत अर्थात १७ करोड ९८ लाख २९ हजार २२९ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ । संघ सरकारको कुल बजेटमध्ये चालु खर्च शिर्षकमा विनियोजित ७ अर्ब ४२ करोड ७ लाख ७२ हजार ५७५ रुपैयाँमध्ये दुई अर्ब ७ करोड ६२ लाख ९६ हजार ५२१ रुपैयाँ अर्थात झण्डै २८ प्रतिशत खर्च भएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार संघीय बजेटको पुँजीगत शिर्षकको ७ करोड ८९ लाख ६२ हजारमध्ये १४ दशमलव ४५ प्रतिशत अर्थात एक करोड १४ लाख १० हजार ३८६ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाका प्रमुख थमनारायण शर्माले जानकारी दिए । प्रदेश सरकारतर्फको कुल बजेटमध्ये चालु शिर्षकमा ७६ करोड ७० लाख १२ हजार विनियोजन भएकोमा करिब ११ दशमलव ४१ प्रतिशत अर्थात ८ करोड ७५ लाख ४३ हजार ५३८ खर्च भएको छ भने पुँजीगत खर्चतर्फको एक अर्ब ७६ करोड ४० करोड ५४ हजार बजेटको झण्डै ५ दशमलब २३ प्रतिशतले हुने ९ करोड २२ लाख ८५ हजार ६९१ खर्च भएको कोष नियन्त्रक कार्यालय स्याङ्जाले जनाएको छ ।

पुँजीगत शिर्षकको तुलनामा चालु खर्च शिर्षकमा धेरै प्रतिशत रकम खर्च देखिएको कोष तथा लेखा नियन्त्रक प्रमुख शर्माले बताए । 'चालु खर्च शिर्षकको रकम प्रत्येक महिना तलब भत्तामा निकासी र सार्वजनिक खरिदमै खर्च हुने भएकाले प्रतिशतमा बढि देखिएको हो ।' शर्माले भने, 'चालु खर्च शिर्षकको तुलनामा अब विकास निर्माणका गतिविधिले तिव्रता लिएसँगै पुँजीगत शिर्षकको बजेट खर्चमा ह्वात्तै वृद्धि हुन्छ ।' जिल्लाका विकासे अड्डाहरु ठेक्का निकालेर कामगर्ने अन्तिम तयारीमा जुटेको नियन्त्रक शर्माले बताए ।

यस अवधिमा संघीय कर राजश्व शिर्षकमा ११ करोड ७० लाख ५२ हजार, अन्य राजश्वमा दुई करोड ७१ लाख ७१ हजार १३२ रुपैयाँ, विविध प्राप्ती राजश्वतर्फ ४४ लाख एक हजार ४७५ र बाँडफाँड हुने राजश्व शिर्षकमा तीन करोड ६६ लाख ८३ हजार ३४७ रुपैयाँ गरी १८ करोड ५३ लाख ८ हजार ९१२ रुपैयाँ राजश्व संकलन भएको कार्यालयले जानकारी दिएको छ। त्यसैगरी प्रदेश सरकारतर्फको कर राजश्वमा दुई करोड ६५ लाख ४६ हजार ८७८ रुपैयाँ, अन्य राजश्व शिर्षकमा ७३ लाख ६६ हजार ७२१ विविध प्राप्तीतर्फ ५१ लाख ६३ हजार ८६१ र बाँडफाँड हुने राजश्वमा दुई करोड ३८ लाख ५८ हजार २५५ रुपैयाँ गरी विभिन्न शिर्षकमा गरी ६ करोड २९ लाख ३५ हजार ७१५ रुपैयाँ राजश्व संकलन भएको कोष नियन्त्रक विष्णुप्रकाश श्रेष्ठले जनाए ।

# बालबालिकालाई विद्यालयमा दैनिक एक/एक गिलास दूध वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ मंसिर

म्याग्दीको मङ्गला गाउँपालिकाले बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरूलाई विद्यालयमा दूध वितरण गर्न थालेको छ ।

बालविकास केन्द्रका बालबालिकालाई दूध वितरण गर्ने कार्यक्रमलाई मङ्गला गाउँपालिकाले नमुना घोषणा गरेको छ । 'बालबालिकासँग अध्यक्ष' कार्यक्रम अन्तर्गत बालविकास केन्द्रका बालबालिकालाई दैनिक एक/एक गिलास दूध वितरण गरिएको गाउँपालिकाका शिक्षा अधिकृत गणेशबहादुर कटुवालले जानकारी दिनुभयो ।

मङ्गला गाउँपालिकाका पाँच वटा वडामा ४५ वटा बालविकास केन्द्रमा यस वर्ष तीन सय ७७ जना बालवालिका छन । दिवा खाजासँगै दूध वितरण गर्न गाउँपालिकाले प्रति विद्यार्थी रु. १५ का दरले अनुदान उपलब्ध गराउँछ । उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा रु. ११ लाख ५० हजार बजेट बिनियोजन गरेको छ ।

४४ वटा बालविकास केन्द्र सङ्घीय सरकारबाट अनुमति पाएका हुन् । एक वटा बालविकास केन्द्र गाउँपालिकाले सञ्चालन गरेको छ । तल्लो तहबाटै बालबालिकालाई सामुदायिक विद्यालयमा आकर्षित गर्ने, पोषण अवस्थामा सुधार गर्ने र बालबालिकको विद्यालयमा टिकाउ दर बढाउन गत आर्थिक वर्षदेखि शुरु गरेको दूध वितरण गर्ने कार्यक्रम प्रभावकारी बनेको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो ।

बहुक्षेत्रीय पोषणको अवधारणा अनुसार शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रसँग अन्तरसमन्वय हुने कार्यक्रम सञ्चालन गरेको उहाँले बताउनुभयो । गत वर्ष यस कार्यक्रमबाट तीन सय ७३ जना बालबालिका लाभान्वित भएका थिए । विद्यालय र बालविकास केन्द्रले गाउँपालिकामा उपलब्ध गराउने विद्यार्थी भर्नाको विवरणको आधारमा खातामा बजेट पठाउने गरिएको छ ।

विद्यालय र बालविकास केन्द्रले स्थानीय किसानसँग दूध किनेर बालबालिकालाई खुवाउने गरेका छन् । स्थानीय स्तरमै उत्पादन हुने दूधले बजार पाउनुका साथै गाईभैसी पाल्ने किसानलाई प्रोत्साहन मिलेको छ ।

# राष्ट्रपति रनिङ शिल्ड : तनहुँका सात पालिकामा सम्पन्न, तीनमा जारी

**पोखरापत्र संवाददाता**
दमौली, ४ मंसिर

विद्यालयस्तरदेखि नै विद्यार्थीमा खेलकुदप्रति रुचि बढाउने उद्देश्यसहित तनहुँका पालिकामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना भइरहेका छन् । पालिकास्तरमा राष्ट्रपति रनिङ शिल्ड सम्पन्न भएपछि जिल्ला खेलकुद विकास समितिले जिल्लास्तरीय प्रतियोगिता आयोजना गर्ने तयारी गरेको हो ।

दश पालिकामध्ये तनहुँका सात पालिकामा प्रतियोगिता सम्पन्न भएका छन् । तीनवटा पालिकामा प्रतियोगिता जारी छन्। भानु नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, घिरिङ गाउँपालिकामा प्रतियोगिता सम्पन्न भएका छन् । व्यास नगरपालिकामा बुधबार मात्रै प्रतियोगिता सम्पन्न भएको छ । ऋषिङ गाउँपालिका, म्याग्दे गाउँपालिका र देवघाट गाउँपालिकामा भने प्रतियोगिता जारी छ । यहाँको व्यास नगरपालिकाले आयोजना गरेको सातौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि व्यास नगरपालिका-२ स्थित सत्यवती माध्यमिक विद्यालयले जितेको छ। प्रतियोगितामा कुल १६ पदक जित्दै सत्यवती माविले उपाधि जितेको हो । सत्यवती माविले सात स्वर्ण, छ रजत र तीन कास्य पदक जितेको नगर खेलकुद विकास समितिका अध्यक्ष जीवन गुरुङले जानकारी दिनुभयो । प्रतियोगितामा व्यास नगरपालिका-१ भादगाउँस्थित आदिकवि भानुभक्त माध्यमिक विद्यालय द्वितीय भएको छ । आदिकविले छ स्वर्ण, तीन रजत प्राप्त गरेको छ । व्यास नगरपालिका-६ स्थित महेन्द्रज्योति माध्यमिक विद्यालय १५ पदकसहित तृतीय भएको छ। महेन्द्रज्योतिले पाँच स्वर्ण, पाँच रजत र पाँच कास्य पदक जितेको छ । बाराही आवासीय माध्यमिक विद्यालय दश पदकसहित चौथो भएको छ । बाराहीले तीन स्वर्ण, चार रजत र तीन कास्य पदक जितेको छ । जनजुक्त शाही मावि पाँच पदकसहित पाँचौं भएको छ । जनजुक्तले दुई स्वर्ण र तीन रजत पदक जितेको छ । निर्मल मावि छ पदकसहित छैटौं भएको छ । निर्मलले दुई स्वर्ण, दुई रजत र दुई कास्य पदक जितेको छ । ग्रिनस्टार बोर्डिङ स्कुल तीन पदकसहित सातौं भएको छ । ग्रिनस्टारले दुई स्वर्ण र एक रजत पदक जितेको छ। प्रतियोगितामा नगरपालिकाभित्रका ३३ विद्यालयको सहभागिता रहेको थियो ।

# दमौली–केशवटार खण्ड चक्रपथका रूपमा विकास हुँदै

**पोखरापत्र संवाददाता**
दमौली, ४ मंसिर

जिल्ला सदरमुकाम दमौलीबाट १४ किलोमिटर दूरीमा पर्ने व्यास नगरपालिका-१४ केशवटार जाने मार्गलाई स्तरोन्नति गरी चक्रपथ (रिङ्गरोड)का रूपमा विकास गर्न थालिएको छ ।

गण्डकी प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा नाला निर्माण, सडक विस्तार र कालोपत्रेका लागि रु तीन करोड ५० लाख बजेट विनियोजन भएपछि उक्त खण्डमा अहिले तीव्रताका साथ काम भइरहेको छ । दमौली-केशवटार, धरमपानी, बन्दीपुर हुँदै पृथ्वीराजमार्गको डुम्रे बजारसँग जोडेर चक्रपथका रूपमा विकास गर्न लालिगएको व्यास-१४ का कार्यवाहक वडाध्यक्ष दुर्गा आलेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस खण्डमा पर्ने १४ किमीमध्ये हालसम्म सात किमी सडक कालोपत्र भइसकेको छ ।" उक्त विनियोजित बजेटले यस वर्ष एक किमी कालोपत्र गरेपछि छ किमी बाँकी रहने उहाँले बताउनुभयो ।

सहरी पूर्वाधार विकास तथा शासकीय कार्यक्रमअन्तर्गत विश्व बैङ्कको रु छ करोड ऋण अनुदान व्यास नगरपालिकाबाट स्वीकृत भएर दोस्रो चरणका लागि प्रक्रिया अघि बढाइएको व्यासका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरपालिकाबाट गत भदौमा आवश्यक कागजपत्र पेस गरिसकिएको छ। सहयोगी दाता सकारात्मक छन्, जेनजी आन्दोलनका कारण केही समय ढिलाइ भएको हो ।" गण्डकी प्रदेश सरकारबाट रु एक करोड बजेट पुनः विनियोजन भएको जनाउँदै केशवटार मोटरमार्ग स्तरोन्नतिका लागि नगरले पटकपटक गरी हालसम्म करिब रु चार करोड बजेट विनियोजन गरिसकेको नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । उहाँले भन्नुभयो, "यो मोटरमार्गको स्तरोन्नतिका लागि नगरले बर्सेनि बजेट विनियोजन गर्दै आइरहेको छ ।" आदिवासी जनजातिको बाहुल्यता रहेको यस क्षेत्रमा घरबासका रूपमा पर्यटन प्रवर्द्धन कार्य हुँदै आएको छ । स्थानीय कला, संस्कृति र परम्पराको जर्गेना गर्दै स्थानीय उत्पादनलाई घरबासमा प्राथामिकता दिइँदै आइएको कार्यवाहक वडाध्यक्ष आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "सडक पहुँच वृद्धि भएसँगै अब छिट्टै केशवटार सुगम गाउँ बन्ने अपेक्षा गरिएको छ ।"

# दुर्गम गाउँ लाप्राकमा केन्द्रीय प्रशारणको विद्युत् सेवा

**पोखरापत्र संवाददाता**
गोरखा, ४ मंसिर

उत्तरी गोरखाको दुर्गम गाउँ लाप्राकमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सेवा सुरु भएको छ ।

एक औपचारिक कार्यक्रम गरी बिहीबार विद्युत् प्राधिकरणका गण्डकी प्रादेशिक कार्यालय प्रमुख विक्रमकुमार अमात्य र धार्चे-४ का वडाध्यक्ष किसान गुरुङले संयुक्त रुपमा वडा कार्यालयमा बिजुली बालेर केन्द्रीय प्रशारण लाइनको उद्घाटन गर्नुभएको हो । लाप्राकको पुरानो बस्ती र एनआरएनएले निर्माण गरेको गुप्सीबस्तीमा केन्द्रीय प्रशारण लाइनको सेवा आरम्भ गरिएको हो । नेपाल विद्युत् प्राधिकरण गोरखा वितरण केन्द्रबाट हालसम्मको सबैभन्दा टाढाको बस्ती लाप्राकमा बत्ती बाल्न सफल भएको केन्द्र प्रमुख चिजबहादुर गुरुङले बताउनुभयो । यसअघि त्यहाँ २० किलोवाट र २६ किलोवाटका दुई लघु जलविद्युत् सेवा सञ्चालनमा थिए । सिरानचोक गाउँपालिका-२ थालाजुङको ठूलस्वाँरास्थित सवस्टेशनबाट बारपाक हुँदै ११ केभी क्षमताको विद्युत् लाइन विस्तार भएको हो । विद्युत् प्रवाहका लागि तीन ट्रान्सफर्मर राखिएका छन् । गुप्सीपाखामा १०० केभिए क्षमताको एउटा र पुरानो बस्तीमा ५०/५० केभिए क्षमताका दुई ट्रान्सफर्मर राखिएका गोरखा वितरण केन्द्रका प्रमुख गुरुङले बताउनुभयो । केन्द्रीय प्रशारण लाइनबाट सेवा पाएपछि अब मिनरल वाटर प्रशोधन केन्द्र सञ्चालन गर्न सकिने वडाध्यक्ष किसान गुरुङले बताउनुभयो ।

"विद्युत्को क्षमता नपुगेकाले गण्डकी प्रदेश सरकारले दिएको मिनरल वाटर प्रशोधन केन्द्र सञ्चालनको कार्यक्रम सुरु गर्न सकिएको थिएन, अब सुरु गर्छौं", वडाध्यक्ष गुरुङले भन्नुभयो, "केन्द्रीय लाइन जोडेपछि कुटानी पिसानी मिल, स-मील चलाउन पनि सकिने भयो । यसअघि लघुबाट त साँझतिर मोबाइल चार्ज गर्न पनि मिल्दैनथ्यो ।" एनआरएनले निर्माण गरेको गुप्सीबस्ती र पुरानो बस्तीका गरी सातसय भन्दा धेरै घरधुरीले विद्युत् सेवा लिने उहाँले बताउनुभयो ।

## डिभिजन वन कार्यालय कास्कीको

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०५**

कास्की जिल्ला अन्तर्गतका विभिन्न कार्यालयहरुको कम्पाउण्ड हाताभित्र रहेका जोखिमयुक्त रुखहरु नियमानुसार कटान, मुछान गरी उत्पादन भएको लट नं. ४ देखि ९ सम्मको सिसौ र अन्य जात समेत ७१४.९९ घ.फि. काठ र १.५० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले लट नं. ४ को हकमा २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न र लट नं. ५ देखि ९ सम्मको हकमा १६ औं दिन हुने डाँडबढाबढ प्रक्रियामा भाग लिन आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्कीमा सम्पर्क राख्न सकिने छ।

**डिभिजन वन अधिकृत**

# आर्बाका धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिँदै

**वासुदेव पौडेल**
गण्डकी, ४ मंसिर

पोखरा महानगपालिका-१३ स्थित आर्बा प्राकृतिक रूपमा आकर्षक र ऐतिहासिक महत्त्व बोकेको क्षेत्र भएकाले यहाँका धार्मिक स्थललाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालिएको छ। करिब एक सय वर्षभन्दा पुरानो इतिहास रहेको यस क्षेत्रको संरक्षणसँगै धार्मिक पर्यटन प्रवर्द्धन गर्न थालिएको हो।

उत्तरपूर्वका दन्तेलहर जस्तै टलक्क टल्कने हिमाल, दक्षिणपश्चिममा पोखरासहित लेखनाथका टाढाटाढासम्मका भूभाग आर्बाको महाप्रभुधामबाट देख्न सकिन्छ। समुन्द्री सतहबाट एक हजार ३३५ मिटर उचाइमा अवस्थित यसस्थान प्राकृतिक रूपमा आकर्षक हुनुका साथै ऐतिहासिक र धार्मिक महत्त्व बोकेको छ।

महाप्रभुधाम संरक्षण समितिका संरक्षक स्वामी दिनदयालजी महाराजका अनुसार एक सय वर्षभन्दा अघि यहाँ स्वर्गद्वारीबाट हंश महाराजका चेला कपिलदेव महाराजले एक महिनासम्म ठूलो महायज्ञ लगाउनुभएको थियो। उक्त अवसरमा यहाँ अखण्ड हवनसँगै गौदानलगायत विभिन्न किसिमका अनुष्ठानहरू एक साथ गरिएको इतिहास रहेको उहाँले जानकारी दिनुभयो। "यहाँ महायज्ञ गरी सिद्धी प्राप्त गरेको स्थान भएकाले यस क्षेत्रको विशिष्ट महत्त्व छ", स्वामी दिनदयालजीले भन्नुभयो, "यो ठूलो धार्मिक महत्त्वको तीर्थस्थल हो। महाप्रभुधामसँगै यहाँ नजिकै रहेको मणिद्विपले पनि विशिष्ट धार्मिक महत्त्व बोकेको छ।" पाल्पाका तत्कालीन राजा मणिमुकुन्द शेनले स्थापना गरेको मणिद्विपको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा पहल थालिएको उहाँले जानकारी दिनुभयो। "यहाँका धार्मिक महत्त्वका सम्बन्धमा विभिन्न किंवदन्ती पनि छन्। एक किंवदन्ती अनुसार यहाँ नजिकै रतन पाण्डे मन्दिर र महाप्रभुधामको बीच भागमा प्राचीन कालमा एउटा पोखरी थियो। धार्मिक महत्त्वको उक्त पोखरीमा रुखका पात खस्नासाथ चराले टिपेर लैजान्थ्ये। यस्ता विभिन्न किसिमका किंवदन्तीले पनि यहाँको ऐतिहासिक महत्त्वलाई झल्काउने बुढापाकाहरू बताउँछन्", स्वामी दिनदयालजीले भन्नुभयो। करिब एक सय वर्षअघि महाप्रभुहरूले महायज्ञ सञ्चालन गर्दा निर्माण



गरिएको हवन कुण्डले पनि यहाँको ऐतिहासिकतालाई थप प्रष्ट पार्ने महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष नवराज बरालले उल्लेख गर्नुभयो। समितिले यहाँको ऐतिहासिकता एवम् धार्मिक महत्वलाई उजागर गर्ने उद्देश्यले विकासका क्षेत्रमा योजनाबद्ध काम गरिरहेको उहाँले बताउनुभयो।

उक्त समयको ऐतिहासिकताको जीवन्त साक्षी हवन कुण्डसहित धार्मिक महत्त्वका गुफा, गणेश तथा शिवजीको मन्दिर, रतन पाण्डेथानको संरक्षणसँगै प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा सीमिति अघि बढेको उहाँको भनाइ छ। पोखराको महेन्द्रपुलबाट आधा घण्टाभित्रै सवारीसाधनबाट पुग्न सकिने महाप्रभुधामसहित यहाँका विभिन्न स्थानहरूबाट माछापुच्छ्रे, अन्नपूर्णलगायत हिमाल, दक्षिणतर्फ पोखराको मनमोहक दृश्य एकसाथ अवलोकन गर्न सकिने समितिका उपाध्यक्ष सूर्यप्रसाद बरालले जानकारी दिनुभयो।

धार्मिक पर्यटनका दृष्टिले आर्बा सम्भावना बोकेको क्षेत्र भएकाले यस ठाउँको प्रवर्द्धन अपरिहार्य रहेको उहाँको भनाइ छ। महाप्रभुधामसँगै यहाँ रहेका मणिद्विप, रतन पाण्डेको मन्दिरलगायत स्थानलाई समेटेर धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेतर्फ आँफूहरू लागिरहेको समितिका सचिव भोजराज बरालले बताउनुभयो। महाप्रभुधाम नजिकै रहेको रतन पाण्डे मन्दिर यहाँको अर्को धार्मिक महत्त्वको स्थानका रूपमा चिनिएको उक्त मन्दिर संरक्षण समितिका अध्यक्ष घनश्याम बरालले उल्लेख गर्नुभयो। यसको थप प्रचारप्रसार गरी धार्मिक पर्यटन प्रवर्द्धन गर्न सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो। उहाँका अनुसार रतन पाण्डे मन्दिरमा प्रत्येक वर्ष धान रोप्ने र भित्र्याउने समयमा यहाँका स्थानीयले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दछन्। रतन पाण्डेको पूजाका दिन आर्बा क्षेत्रमा हलो नचल्ने प्रचलन प्राचीन समयदेखि रहिआएको उहाँले जानकारी दिनुभयो। "रतन पाण्डेलाई वायुका राजाका रूपमा लिने गरिएको छ", अध्यक्ष बरालले भन्नुभयो, "यहाँ अत्यन्त निष्ठापूर्वका पूजाआजासँगै तयार गरिएको प्रसाद मन्दिर परिसरमा बसेर धारण गर्नुपर्ने, घरमा लैजान नहुनेलगायत विधि र प्रक्रिया रहेकाले यसको विशेष महत्त्व छ।" पछिल्ला समयमा महाप्रभुधाम र मणिद्विपमा प्रत्येक वर्ष बालाचतुर्दशीका दिन ठूलो मेला लाग्ने तथा शतबीज छर्ने प्रचलन रहेको समाजसेवी शिरोमणि बरालले जानकारी दिनुभयो। उहाँका अनुसार आर्बामा बस्ती स्थापना हुँदा गाउँको पूर्वमा मणिद्विप नागेश्वर महादेव स्थापना गरिएको थियो।

स्थानीयका अनुसार शक्तिशाली शक्तिपीठका रूपमा रहेको यस मन्दिरमा धेरै पटक नाग प्रकट हुनुभएको थियो। मन्दिरमा भक्तिपूर्वक पूजा गर्दा निःसन्तान दम्पतीलाई सन्तान प्राप्त भएकाले टाढाटाढाबाट दर्शनार्थी आउने गरेका स्थानीय बताउँछन्। नागको दोषका कारण स्वास्थ्य, लगानीलगायत समस्यामा परेका व्यक्ति पनि यहाँ आएर श्रद्धाभक्तिपूर्वक पूजाआजा गरेर फर्केपछि समस्याबाट मुक्त हुने जनविश्वास रहिआएको रतन पाण्डे मन्दिर संरक्षण समितिका अध्यक्ष बरालले जानकारी दिनुभयो।

प्राचीनकालदेखि सन्यासी बस्दै आएको यहाँको खरले छाएको मन्दिर विसं २०६२ मा पुनःनिर्माण गरिएको थियो। विसं २०६३ मा हरिद्वारका महामण्डलेश्वरसहित विशिष्ट व्यक्तिको उपस्थितिमा मणिद्विपमा महायज्ञ गरी उक्त मन्दिरमा नर्मदा नदीबाट ल्याइएको शिलाको प्राण प्रतिष्ठा गरिएको थियो। प्रतिष्ठापनका बेला शिलामा लामो समयसम्म पसिना आएको स्थानीयको अनुभव छ। शिलाको प्राणप्रतिष्ठा भारतबाट आउनुभएका १००८ स्वामी बालसन्त महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ स्वामी सोमेश्वरजी महाराज, १००८ स्वामी विष्णुराजजी महाराज, स्वामी सुतिक्षणजी महाराजलगायत सन्तमहन्तले गर्नुभएको थियो।

करिब १५ वर्षअघि भारतको हरिद्वारबाट आउनुभएका १००८ महामण्डलेश्वर रामेश्वरजी महाराज, १००८ महामण्डलेश्वर सुतिक्षण मुनीजी महाराज, सन्त दिनदयालजी महाराजको उपस्थितिमा महाप्रभुधाममा शतबीज छर्न सुरु गरेसँगै यो स्थल धार्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण बनेको महाप्रभधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका पूर्वअध्यक्ष धर्मराज बरालले जानकारी दिनुभयो। महाप्रभुधामसहित मणिद्विप, रतन पाण्डेलगायत धार्मिक स्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सन्दर्भमा सरोकार भएका निकायसँगको समन्वयमा आँफूहरू लागिरहेको पोखरा महानगरपालिका-१३ का वडाध्यक्ष किरण बरालले बताउनुभयो। महाप्रभुधाम क्षेत्रको विकासका लागि विस्तृतआयोजनाप्रतिवेदन(डिपिआर) तयार भइसकेको बताउँदै उहाँले यहाँका पूर्वाधार विकासका लागि करिब रु १२ करोड खर्च लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो।

# नेपाल लाईफ इन्स्योरेन्सको पोखरा र दुलेगौडामा उपशाखा उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ४ मंसिर

जीवन वीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले पोखराको विरौटामा उपशाखा संचालनमा ल्याएको छ। कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली र नेपाल वीमा प्राधिकरण गण्डकी प्रदेश प्रमुख शम्भुप्रसाद मिश्रले उशाखाको विहिवार एक कार्यक्रमबा विच उद्घाटन गरे।

यस्तै कम्पनीलेले विहिवार नै तनहुँको दुलेगौडामा पनि उपशाखा संचालनमा ल्याएको छ। उक्त उपशाखाको पनि कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुलीले उद्घाटन गरेका हुन्। कम्पनीको पोखराको न्युरोडमा सुविधा सम्पन्न प्रादेशिक भवन रहेको छ।

कम्पनीको सेवा विस्तार गर्ने उदेश्यसहित उपशाखा विस्तार गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुली बताए। ग्रासरुटमा कम्पनीलाई विस्तार गर्ने नीति अन्तरगत उपशाखा विस्तार गरिएको पराजुलीले स्पष्ट पारे। गण्डकी प्रदेशमा कम्पनीको उपस्थिति के छ, अहिले भइरहेको बजार भन्दा पनि नयाँ बजारको खोजी गर्न उनले




मातहतका कर्मचारी, प्रतिनिधिलाई निर्देशन दिए। कार्यक्रममा बोल्दै नेपाल वीमा प्राधिकरणका गण्डकी प्रमुख शम्भुप्रसा मिश्रले वीमितलाई सेवा सुविधा दिन आग्रह गरे। प्राधिकरणमा अभिकर्ताको विषयमा प्रश्न उठेकाले मिश्रले विमा अभिकर्ता छनोट गर्दा ध्यादिन कम्पनीलाई सुझाव दिए। नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाईटी (निप्स) गण्डकी च्याप्टरका अध्यक्ष बद्री पौडेलले विक्री पछिको सेवालाई ध्यान दिन सक्नुपर्ने बताए। नेपाल लाईले नेपालमा वीमाको क्षेत्रमा पारेको छाप आगामी दिनमा अझ सफल हुनेमा पौडेलले विश्वास व्यक्त गरे।

नेपाल लाइफ इन्स्योरेन्स प्रदेश कार्यालय गण्डकीका प्रमुख शहदेव अधिकारीले वीमा बजारको सम्भावनालाई अध्यन गरेर विरौटामा उपशाखा संचालनमा ल्याइएको बताए। उनले उपशाखा विस्तारसगै कम्पनीको बजार क्षेत्र पनि विस्तार हुने र अझ धेरै नागरिकलाई वीमामा जोड्न सकिने विश्वास व्यक्त गरे। कार्यक्रममा कम्पनीका आर्थिक विभाग प्रमुख प्रेमप्रसाद रेग्मीले सफलताको शुभकामना व्यक्त गरे। नेपाल लाइफ इन्स्योरेन्स अभिकर्तासंघका केन्द्रीय सदस्य दामोदर सापकोटाले कास्कीमा शाखा स्थापना हुनु सकारात्मक भएको बताए।

# चोयाबाट बनेका हस्तकलाका सामग्रीमा आकर्षण घट्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ मंसिर

स्थानीय स्रोत र रैथाने सीपमा आधारित हस्तकलाका सामग्रीमा आकर्षण घट्दै गएको छ।

म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरधाममा आयोजित बालाचतुर्दशी मेलामा विगतमा चोयाबाट निर्मित यस्ता सामग्रीको माग उच्च हुने गरे पनि यसपटक त्यस्तो नपाइएको व्यवसायीले गुनासो गरेका छन्।

बालाचतुर्दशी पर्वका अवसरमा गलेश्वरमा शत् बीज छर्न आएकाले घरायसी काममा प्रयोग हुने चोयाबाट निर्मित डाला, नाङ्ला र काठका ठेका-मदानी खरिद गरेर लैजाने प्रचलन रहेको छ। मेलामा तीन दशकदेखि डाला र नाङ्ला व्यापार गर्दै आउनुभएका बागलुङको बढीगाड गाउँपालिका-४ जलजलाका मनबहादुर छन्त्यालले पछिल्लो समय प्लास्टिकका सामानले चोयाका सामग्रीलाई विस्थापित गर्न थालेको बताउनुभयो। हरेक पटकको मेलामा डालाडाली र नाङ्ला बिक्रीको लागि आउने गरेको र पछिल्लो समय यस्ता सामानका माग घट्दो क्रममा रहेको उहाँको भनाइ छ। "पहिले गाउँघरमा डुलाएर पनि बिक्री गर्थ्यौं। मेलापर्व र महोत्सवमा समेत उत्साहजनक किनबेच हुन्थ्यो, तर पछिल्ला वर्षयता प्लास्टिकबाट बनेका डाला र नाङ्लोसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ। त्यसैले स्थानीय स्रोत र सीपको उपयोगबाट बनेका सामग्री विकाउनै मुस्किल हुन थालेको छ", छन्त्यालले भन्नुभयो। गलेश्वरधाममा बागलुङका साथै तनहुँबाट समेत चोयाबाट बुनेका नाङ्ला ल्याएर आउने धेरै व्यापारी छन्। मेलामा डाला रु ८०० देखि दुई हजारसम्म र नाङ्ला रु ६५० देखि ९०० सम्ममा किनबेच हुने गरेको छ। जङ्गलमा पाइने निगालोको चोयाबाट बुनेर तयार गरिने नाङ्लो अन्नपात केलाउन र डालो अन्नपात राख्न प्रयोग गरिन्छ। चोयाका डाला र नाङ्ला वातावरणमैत्री हुनाका साथै टिकाउ र आकर्षकसमेत हुन्छन्। प्लास्टिकका सामग्रीको मूल्यमा चोयाका सामग्री खोज्ने प्रचलनका कारण आफूहरू समस्यामा परेको गलेश्वरको बालाचतुर्दशी मेलामा नाङ्ला बेच्न आउनुभएका तनहुँको बन्दीपुरका तिलबहादुर भुजेलले बताउनुभयो।

गलेश्वर मेलामा करिब १०० जनाले घरायसी र दैनिक उपभोग्य सामानदेखि लत्ताकपडाको व्यापार-व्यवसाय सञ्चालन गरेकामा न्यून मात्रामा डाला र नाङ्लाको खरिदबिक्री भएको गुनासो गरेका छन्। मेलामा रैथाने सीप प्रयोग गरी बनाइएका काठका ठेकाठेकी र मदानीको समेत खरिदबिक्रीसमेत उत्साहजनक छैन। गाउँघरमा दूध सङ्कलन र मोही पार्नका लागि काठका ठेका र मदानीको विकल्पमा सिल्टे र प्लास्टिकका सामान भित्रिएपछि ठेका बनाउने पेसा नै सङ्कटमा पर्न थालेको छ।

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत
### गण्डकी प्रदेश, नेपाल

## ढुंगा गिटी वालुवाको उत्खनन, बिक्री एवं निकासी शुल्क संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/०५**

फलेवास नगरपालिकाको सत्रौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८२/८३ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न तेस्रो पटक यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। उक्तदिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।
२. सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयमा उक्त कार्य हुनेछ।
३. दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं. ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ। साथै राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ।
४. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउन सकिनेछ। रकम बुझाउँदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए बाँकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत कम्तिमा मिति २०८३ साल श्रावण मसान्तसम्म म्याद भएको राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको जमानत (ग्यारेन्टी) पत्र पेश गर्नुपर्नेछ।
६. बिक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.७ (अक्षरुपी सात मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयमले व्यहोर्नु पर्नेछ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. ठेक्काका शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२. कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।
१३. यो ठेक्काको म्याद २०८३ साल ज्येष्ठ मसान्तसम्म मात्र हुनेछ।
१४. दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
   क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको)।
   ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र)।
   ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र।

**तपसिल**

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (मुअक र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०२।०८२।८३ | कटुवा वगर फनपा ४ मुडिकुवा | १४,४४,०००।- (अक्षरुपी चौध लाख चौवालीस हजार मात्र) | रु १००० |

**प्रमुख प्रशासकीय अधिकृत**